सर्वोच्च अदालत
काठमाडौं

फाराम नं. १६

०७७-FN-०२०५
२०७७।१२।१४

श्री सर्वोच्च अदालत, काठमाडौंमा पेस गरेको

निवेदन पत्र

विषय : संशोधन गरिपाउँ।

मुद्दा नं.– ०७७-WO-०९७३

जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १६, पतकोटोल बस्ने बर्ष २२ को महिला रुक्शना कपाली ............................................................................१ } निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं समेत ..........................१ } विपक्षी

मुद्दा– उत्प्रेषण समेत

निवेदनबापत लाग्ने दस्तुर रु.१०।– साथै राखी निम्नानुसार निवेदन गर्दछु :

१. उल्लिखित मुद्दामा मैले पेस गरेका रिट निवेदन तपसिलमा उल्लेख भए अनुसारको टाइप/लेखाइको भूलबाट त्रुटि हुन गएको हुँदा सोको सट्टा तपसिलमा उल्लेख भएबमोजिमको बेहोरा कायम हुने गरी मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम १४ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १९ बमोजिम लिखत संशोधन गरिपाउँ ।

| लिखतमा भएको त्रुटिहरु | | | संशोधन हुनुपर्ने बेहोरा |
|---|---|---|---|
| बेहोरा | पाना नं. | हरफ | |
| यस विषयमा तत्काल न्यायिक हस्तक्षेप नहुने हो भने मेरो शैक्षिक भविष्यमा अपुरणीय क्षति पुग्न जाने भएकोले शिक्षा प्राप्त गर्न पाउने मेरो मौलिक हक संरक्षणका लागि तत्काल नाम 'रुक्शना कपाली' र लैङ्गिक विवरण 'महिला' उल्लेख गरि उक्त रजिष्ट्रेशन | ३७ र ३८ | १० (ग) तेस्रो वाक्य | यस विषयमा तत्काल न्यायिक हस्तक्षेप नहुने हो भने मेरो शैक्षिक भविष्यमा अपुरणीय क्षति पुग्न जाने भएकोले शिक्षा |

नोट: (१) यो निवेदनको ढाँचा सेवाग्राहीको सहजताको लागि अदालतबाट निःशुल्क रूपमा उपलब्ध हुने र बेहोरा भर्न नसक्नेहरूलाई अदालतबाटै भरिदिने व्यवस्था छ ।
(२) असहाय पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ।

सर्वोच्च अदालत
काठमाडौं

रुक्शना

फाराम नं. १६

| | | | |
|---|---|---|---|
| फारम दर्ता गर्नु र म निवेदकलाई दर्ता नम्बर उपलब्ध गराउनुका साथै पहिले भर्ना भएकै आधारमा स्नातक तहको अध्ययननलाई निरन्तरता दिन पाउने प्रबन्ध गर्नु गराउनु भनि विपक्षी त्रिभुवन विश्वविद्यालय परिक्षा नियन्त्रण कार्यालयको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ । | | | प्राप्त गर्न पाउने मेरो मौलिक हक संरक्षणका लागि तत्काल नाम 'रुक्शना कपाली' र लैङ्गिक विवरण 'महिला' उल्लेख गरि उक्त रजिष्ट्रेशन फारम दर्ता गर्नु र म निवेदकलाई दर्ता नम्बर उपलब्ध गराउनुका साथै पहिले भर्ना भएकै आधारमा स्नातक तहको अध्ययननलाई निरन्तरता दिन पाउने प्रबन्ध गर्नु गराउनु भनि विपक्षी त्रिभुवन विश्वविद्यालय परिक्षा नियन्त्रण कार्यालयको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ । |

२. लेखिएको बेहोरा ठिक साँचो हो फरक ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

रुक्शना निवेदक

रुक्शना कपाली

इति संवत् २०७७ साल चैत्र महिना २० गते रोज ६ शुभम् ..............................।

नोट: (१) यो निवेदनको ढाँचा सेवाग्राहीको सहजताको लागि अदालतबाट निःशुल्क रूपमा उपलब्ध हुने र बेहोरा भर्न नसक्नेहरूलाई अदालतबाटै भरिदिने व्यस्था छ ।

(२) असहाय पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ।